## मुक्तिनाथ दर्शन सेवा

दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे



## पोखरा साइडसिन सेवा

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क ५३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ फागुन २६ गते मंगलबार ❑ 10 Mar. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## कास्कीमा चार हजार छ भन्दा बढी मत बदर

**पोखरापत्र संवाददाता**
पोखरा, २५ फागुन

यही फागुन २१ गते सम्पन्न भएको प्रतिनिधिसभा सदस्य निर्वाचनमा कास्कीमा चार हजार ६९८ मत बदर भएको छ।

जिल्लाका तीन निर्वाचन क्षेत्रमा कूल एक लाख ९१ हजार ४२५ मत खसेकामा एक लाख ८६ हजार ७२७ मत सदर भएको प्रदेश निर्वाचन कार्यालय पोखराका सूचना अधिकारी रुद्र न्यौपानेले जानकारी दिनुभयो। उहाँका अनुसार बदर मतको प्रतिशत दुई दशमलव ४५ प्रतिशत छ । कास्की-१ मा जम्मा ७१ हजार ८०६ मत खसेकामा ६९ हजार ९५४ मत सदर हुँदा एक हजार ८५२ मत बदर भयो। यसैगरी क्षेत्र नं २ मा ५३ हजार ३९५ मत खसेकामा ५२ हजार १८७ मत सदर हुँदा एक हजार २०८ मत बदर भयो। क्षेत्र नं ३ मा ६६ हजार २२४ मत खसेको थियो। यस क्षेत्रमा ६४ हजार ५८६ मत सदर हुँदा जम्मा एक हजार ६३८ मत बदर भएको सूचना अधिकारी न्यौपानेले जानकारी दिनुभयो। निर्वाचन कार्यालयले मत बदर हुन नदिनका लागि फागुन ३ देखि १७ गतेसम्म जिल्लाका ७२ वटै वडामा मतदाता शिक्षा कार्यक्रम सञ्चालन गरेको थियो।

जिल्लमा विसं २०७९ को निर्वाचनमा भने पाँच प्रतिशत मत बदर भएको थियो। त्यस बेला प्रतिनिधिसभा सदस्य लागि एक लाख ७८ हजार ८०६ मत खसेकामा सदर मत एक लाख ७० हजार ३४४ र बदर मत आठ हजार ४६४ थियो।

सूचना अधिकारी न्यौपानले मतपत्रमा एक वा सो भन्दा बढी चिन्हमा स्वष्तिक छाप लगाउने, मतपत्रमा सही स्थानमा छाप नलगाउने, मतपत्र गलत तरिकाले पट्याउने, छाप लगाउँदा चुनाव चिह्नभन्दा बाहिर लगाउने लगायतका कारणले मत बदर भएको जानकारी दिनुभयो।

"विगतको निर्वाचनमा भन्दा मत बदर यसपटक धेरैनै कम भएको छ। सबै वडामा मतदाता शिक्षा कार्यक्रम सञ्चालन गरेकालेसमेत न्यून सङ्ख्यामा बदर भएको। अझै पूर्णरुपमा मतदाता शिक्षा पुग्न नसकेको देखिएको छ।" न्यौपानेले भन्नुभयो।

## कास्कीमा समानुपातिकतर्फ राष्ट्रिय स्वतन्त्र पार्टी पहिलो

**पोखरापत्र संवाददाता**
पोखरा, २५ फागुन

प्रतिनिधिसभा सदस्यको निर्वाचनमा कास्की जिल्लामा समानुपातिकतर्फ पनि राष्ट्रिय स्वतन्त्र पार्टी पहिलो बनेको छ।

यसअघि जिल्लाका तीनवटै निर्वाचन क्षेत्रमा प्रत्यक्षतर्फ निर्वाचन जितेको उक्त पार्टी समानुपातिकतर्फ पनि पहिलो बनेको हो। जिल्लामा तीनवटै निर्वाचन क्षेत्रमा राष्ट्रिय स्वतन्त्र पार्टीले कूल एक लाख १३ हजार ६२८ मत प्राप्त गरेको प्रदेश निर्वाचन कार्यालय पोखराका सूचना अधिकारी रुद्र न्यौपानेले जानकारी दिनुभयो।

नेपाली कांग्रेसले २८ हजार ६५६ मत प्राप्त गरेको छ भने नेकपा (एमाले) ले २४ हजार १९९ मत प्राप्त गरेको छ। राष्ट्रिय प्रजातन्त्र पार्टीले छ हजार ४६६ मत, नेपाली कम्युनिष्ट पार्टीले पाँच हजार ७६३ मत, श्रम संस्कृति पार्टीले तीन हजार ५६४ मत र राष्ट्रिय परिवर्तन पार्टीले एक हजार ७२ मत प्राप्त गरेको छ।

जिल्लामा कूल तीन लाख नौ हजार ५६३ मतदाता रहेकोमा एक लाख ९१ हजार ४२५ मत खसेको थियो। त्यसमध्ये सदर मत एक लाख ८६ हजार ७२४ र बदर मत चार हजार ६९८ रहेको प्रदेश निर्वाचन कार्यालय पोखराले जनाएको छ।

## भारतीय प्रम मोदीद्वारा सभापति लामिछाने र वरिष्ठ नेता बालेनलाई बधाई

**रासस**
काठमाडौं, २५ फागुन

छिमेकी मुलुक भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने र वरिष्ठ नेता बालेन्द्र शाह (बालेन)लाई बधाई तथा शुभकामना दिनुभएको छ।

प्रधानमन्त्री मोदीले सोमबार उहाँहरूसँग टेलिफोन संवाद गरी नेपालको निर्वाचनमा प्राप्त उहाँहरूको विजय तथा रास्वपाको उल्लेखनीय सफलताका लागि दुवै नेताहरूलाई बधाई दिनुभएको सामाजिक सञ्जाल एक्समा उल्लेख गर्नुभएको छ।

साथै उहाँले आगामी नयाँ सरकार गठनका लागि शुभकामना व्यक्त गर्दै भारत नेपालसँग आपसी समृद्धि, प्रगति र दुवै देशका जनताको हितका लागि सहकार्य गर्न प्रतिबद्ध रहेको सन्देश पनि दिनुभएको छ। प्रधानमन्त्री मोदीले दुवै देशको संयुक्त प्रयासबाट आगामी वर्षहरूमा नेपाल-भारत सम्बन्ध अझ नयाँ उचाइमा पुग्नेमा विश्वस्त व्यक्त गर्नुभएको छ।

## सांसद महाविर पुन पोखरामा किताब बिक्री गर्दै

**पोखरापत्र संवाददाता**
पोखरा, २५ फागुन



राष्ट्रिय आविष्कार केन्द्रका संस्थापक तथा प्रतिनिधिसभा सदस्य महाविर पुन सोमबार पोखरामा आफ्नो जीवनीमा आधारित पुस्तक बिक्री गर्नु भएको छ। केन्द्र सञ्चालनका लागि आवश्यक आर्थिक स्रोत जुटाउने अभियान अन्तर्गत पुनले पोखराका विभिन्न क्षेत्रमा पुस्तक बिक्री गर्नु भएको हो।

पोखराको अमरसिंहचोक, पृथ्वीचोक लगायतका स्थानमा पुगेर उहाँले स्वयं पुस्तक बिक्री गर्नुका साथै पाठकलाई हस्ताक्षर गरेर पुस्तक हस्तान्तरण गर्नु भएको थियो। पुनसँग भेट्न र पुस्तक खरिद गर्न सर्वसाधारण, विद्यार्थी तथा युवाहरूको उल्लेख्य भीड लागेको थियो।

पुनका आफन्तका अनुसार सोमबार पोखरामा मात्रै करिब ६ सय प्रति पुस्तक बिक्री भएको छ। विद्यार्थीहरूका लागि पुस्तकको मूल्य ५ सय रुपैयाँ तथा अन्यका लागि ७ सय रुपैयाँ तोकिएको थियो। हालै प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका पुनले केन्द्र सञ्चालनका लागि आवश्यक सहयोग जुटाउन आफ्नो फुर्सदको समयमा पुस्तक बिक्री गर्ने योजना अनुसार देशका विभिन्न स्थानमा पुगेर पुस्तक बिक्री गर्न थाल्नु भएको हो। यही अभियानका क्रममा उहाँ पोखरा आइपुग्नु भएको हो। निर्वाचनका वेला किताव बिक्रि गर्ने योजना भए पनि निर्वाचन आचासंहिताले नदिए पछि निर्वाचन पछि हाल किताव बिक्रिको लागि उहाँ आफ्नो अभियानमा लाग्नु भएको हो। पोखरामा पुस्तक बिक्रीका क्रममा पुनसँग फोटो खिच्नेहरूको समेत भीड लागेको थियो। सामान्य पोसाकमा चप्पल लगाएरै आउनु भएको पुनको सादा जीवनशैलीले धेरैलाई प्रभावित बनाएको देखिन्थ्यो। केही समर्थकले उनलाई पैसाको फूल लगाइदिनु भएको थियो भने कतिपयले फूलमाला र खादा ओढाएर प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएकोमा बधाईसमेत दिनुभयो। फोटो खिच्नेहरूको भीड बढेपछि पुनले सबैलाई पालो दिन आग्रह गर्दै छिटो-छिटो फोटो खिच्न आग्रह गर्नु भएको थियो। धेरै सेल्फी लिन खोज्नेहरूलाई उहाँले 'सबैलाई पालो दिनुपर्छ' भन्दै सम्झाउने प्रयास पनि गर्नुभयो। यद्यपि, भीड व्यवस्थापनका क्रममा केही असहज स्थिति पनि देखिएको थियो। एक व्यक्तिले 'सांसद भएर पनि किताब बेच्दै हिँड्ने?' भन्दै असन्तुष्टि व्यक्त गरेको घटना समेत देखिएको थियो।

राष्ट्रिय आविष्कार केन्द्र सञ्चालन तथा वीरगञ्ज कृषि औजार कारखाना सुधार र सञ्चालनका लागि रकम जुटाउने उद्देश्यले पुनले आफ्नो जीवनकथामा आधारित पुस्तक बिक्री अभियान चलानु भएको हो। यसअघि पनि उहाँले देशका विभिन्न जिल्लामा पुगेर पुस्तक बिक्री गर्दै आउनु भएको थियो। उहाँले करोडौंको किताव बिक्री गर्नु भएको छ।

## राष्ट्रियसभाका नवनिर्वाचित सदस्यद्वारा शपथ ग्रहण

**रासस**
काठमाडौं, २५ फागुन

सङ्घीय संसद्को माथिल्लो सदन राष्ट्रियसभामा नवनिर्वाचित सदस्यले शपथ लिनुभएको छ।

यही माघ ११ गते भएको राष्ट्रियसभा सदस्य निर्वाचनबाट निर्वाचित हुनुभएका १८ मध्ये १७ जना सदस्यलाई आज यहाँ आयोजित कार्यक्रममा राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहालले शपथ गराउनुभयो। कुल ५९ सदस्य रहेको राष्ट्रियसभाका सदस्यको पदावधि छ वर्षको हुने र एक तिहाइ सदस्यको पदावधि प्रत्येक दुई वर्षमा समाप्त हुने संवैधानिक व्यवस्था छ।

## तनहुँमा एमालेसहित २२ जनाको जमानत जफत

**पोखरापत्र संवाददाता**
तनहुँ, २५ फागुन

तनहुँमा प्रतिनिधिसभा सदस्य निर्वाचनमा प्रतिस्पर्धा गरेका २२ जनाको जमानत जफत भएको छ। तनहुँ निर्वाचन क्षेत्र नं १ मा १४ र तनहुँ क्षेत्र नं २ मा आठ जनाको जमानत जफत भएको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ।

तनहुँ क्षेत्र नं १ मा १६ उम्मेदवारमध्ये एमाले (एमाले) का भगवती न्यौपाने, नेपाली कम्युनिष्ट पार्टीका विद्यानाथ ढकाल, राष्ट्रिय प्रजातन्त्र पार्टीका रामदत्त जोशी, नेपाल मजदुर किसान पार्टीका रामलक्ष्मी दुवाल, मङ्गोल नेसनल अर्गनाइजेसनका प्रेमबहादुर थापा र नेपाल जनमुक्ति पार्टीका यामबहादुर आलेको जनमत जफत भएको जिल्ला निर्वाचन अधिकारी विकास लम्सालले जानकारी दिनुभयो।

उहाँका अनुसार नेसनल रिपब्लिक नेपालका सुमन थापा मगर, श्रम संस्कृति पार्टीका काशिराम गुरुङ, नेपाल कम्युनिष्ट पार्टीका ओमविक्रम पन्त, उज्यालो नेपाल पार्टीका मन्जिल राना, आम जनता पार्टीका चिजामाया अधिकारी, स्वतन्त्र दीपकराज जोशी, लेखनाथ खनाल र सन्देश रानाभाट लौडारीको जनमत जफत भएको छ। विजयी राष्ट्रिय स्वतन्त्र पार्टीका उपसभापति एवं निर्वाचित प्रतिनिधिसभा सदस्य डा स्वर्णिम वाग्लेको निकटतम प्रतिस्पर्धी तनहुँ १ मा नेपाली कांग्रेसका गोविन्द भट्टराईले मात्रै पराजित भए पनि जनमत बचाउन सफल हुनुभएको छ। वाग्लेले ३८ हजार ४० मत पाउँदा भट्टराईले १६ हजार २३१ मत पाउनुभएको थियो भने एमालेका प्रतिस्पर्धी भगवती न्यौपानेले पाँच हजार ८३० मत ल्याउनुभएको थियो। न्यौपानेको यस मतले जनमत जफत हुनबाट जोगाउन सकेन।

तनहुँ १ मा कुल एक लाख २६ हजार ८८२ मतदातामध्ये ६८ हजार १४९ मत खसेको थियो। तीमध्ये ६५ हजार ४१९ सदर भएको छ भने दुई हजार ३० मत बदर भएको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ।

त्यस्तै क्षेत्र नं २ तर्फ ११ जनाले उम्मेदवारी दर्ता गराएकामा नेपाली कम्युनिष्ट पार्टीका सोमबहादुर थापा, राष्ट्रिय प्रजातन्त्र पार्टीका यामबहादुर ठकुरी, नेपाल मजदुर किसान पार्टीका लक्ष्मण अधिकारी, मङ्गोल नेसनल अर्गनाइजेसनका सुस्मा आले, नेपाल जनमुक्ति पार्टीका पूर्णबहादुर राना, नेपाल कम्युनिष्ट पार्टीकाका गणेशबहादुर लामगादे र राष्ट्रिय जनमुक्ति पार्टीका लालबहादुर साकी (गोतामे)को जमानत जफत भएको जिल्ला निर्वाचन अधिकारी लम्सालले जानकारी दिनुभयो। तनहुँ २ मा रास्वपाका श्रीराम न्यौपानेले ३२ हजार ६८७ मत ल्याएर विजयी हुनुभयो। उहाँका प्रतिस्पर्धी नेपाली कांग्रेसका शङ्कर भण्डारी र एमालेका केदार सिग्देलले पराजित भए पनि जनमत जोगाउन सफल हुनुभएको छ। विजयी रास्वपाका श्रीराम न्यौपानेका प्रतिस्पर्धी नेपाली कांग्रेसका शङ्कर भण्डारीले १४ हजार १३५ र एमालेका केदार सिग्देलले ११ हजार ६६८ मत ल्याउनुभएको छ। तनहुँ २ मा एक लाख २७ हजार ५१५ मतदातामध्ये कुल ६६ हजार १०१ मत खसेको थियो। ६२ हजार ५०९ मत सदर भएको छ भने तीन हजार ५३२ मत बदर भएको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ। प्रतिनिधिसभा सदस्य निर्वाचनमा उम्मेदवारी दर्ता गर्दा जमानतबापत रु १० हजार धरौटी बुझाउनुपर्छ। महिला र दलित वा अल्पसङ्ख्यक समुदाय वा आर्थिक रूपले विपन्न उम्मेदवारको हकमा सो धरौटी रकममा ५० प्रतिशत छुट हुने व्यवस्था छ। निर्वाचन क्षेत्रमा जम्मा सदर मतको १० प्रतिशतभन्दा कम सदर मत पाउने उम्मेदवारले सो धरौटी रकम फिर्ता पाउँदैन। त्यसैलाई 'जमानत जफत' भनिन्छ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# नीतिबाट राजनीतिसम्म : डा स्वर्णिम वाग्लेको यात्रा

**पोखरापत्र संवाददाता**
दमौली, २५ फागुन



नेपालको सार्वजनिक नीति र अर्थतन्त्रका बहसमा लामो समयदेखि परिचित नाम हो, डा स्वर्णिम वाग्ले । अर्थशास्त्री, नीतिगत विज्ञ र योजनाविद्का रूपमा पहिचान बनाउनुभएका डा वाग्ले पछिल्ला वर्षमा सक्रिय राजनीतिमा प्रवेश गर्दै अहिले तनहुँ क्षेत्र नं १ बाट दोस्रो कार्यकालका लागि निर्वाचित हुनुभएको छ।

डा वाग्ले ३८ हजार ४० मतसहित विजयी हुनुभएको छ । गत उपनिर्वाचनमा उहाँ यही क्षेत्रबाट ३४ हजार ९११ मतसहित विजयी हुनुभएको थियो।

गोरखा जिल्लामा जन्मिनुभएका वाग्ले सामान्य परिवेशमा हुर्किनुभएको हो । बाल्यकालदेखि नै अध्ययनमा रुचि राख्ने उहाँ उच्च शिक्षाका लागि विदेश पुग्नुभयो । अर्थशास्त्रमा गहिरो अध्ययन गर्दै उहाँले 'पिएचडी' पूरा गर्नुभयो।

अध्ययनका क्रममा उहाँले विकास अर्थशास्त्र, सार्वजनिक नीति र आर्थिक सुधारका विषयमा विशेष अनुसन्धान गर्नुभएको थियो। यही अध्ययनले उहाँलाई अन्तरराष्ट्रियस्तरका नीति बहसमा सहभागी गरायो।

उच्च शिक्षापछि डा वाग्लेले विभिन्न अन्तरराष्ट्रिय संस्थामा काम गर्नुभयो । विशेषगरी संयुक्त राष्ट्रसङ्घसँग आबद्ध कार्यक्रममा उहाँले विकास, गरिबी न्यूनीकरण र आर्थिक नीतिका विषयमा काम गर्नुभयो।

स्वदेश फर्किएपछि उहाँले राष्ट्रिय योजना आयोगको उपाध्यक्षको जिम्मेवारी सम्हाल्नुभयो । त्यहाँ रहँदा देशको दीर्घकालीन विकास योजना, आर्थिक नीति सुधार र सुशासनका विषयमा महत्त्वपूर्ण योगदान दिनुभएको थियो।

लामो समय नीतिगत क्षेत्रमा काम गरेपछि डा वाग्लेले नीति मात्र बनाउने होइन, त्यसलाई कार्यान्वयन गर्ने राजनीतिक नेतृत्व पनि आवश्यक रहेको महसुस गर्नुभयो । यही सोचका साथ उहाँ रास्वपामार्फत राजनीतिमा प्रवेश गर्नुभएको थियो। उहाँको राजनीतिमा प्रवेशलाई धेरैले ' प्राविधिक नेतृत्वबाट राजनीतिक नेतृत्वतर्फको यात्रा' का रूपमा हेरेका छन् । तनहुँ क्षेत्र नं १ बाट निर्वाचन लड्दा उहाँले विकास, सुशासन, रोजगारी र आर्थिक सुधारका विषयलाई मुख्य 'एजेन्डा' बताउनुभयो । मतदातासँग प्रत्यक्ष संवाद गर्दै उहाँले नयाँ सोच र परिणाममुखी राजनीतिका कुरा राख्नुभयो।

डा वाग्ले आज नेपाली राजनीतिमा 'नीतिगत क्षमता भएको नेतृत्व' का रूपमा चिनिनुहुन्छ। अर्थतन्त्र र विकास नीतिमा उहाँको अनुभवले संसद् मा फरक आवाज थप्ने अपेक्षा गरिएको छ।

# पर्वतमा समानुपातिकतर्फ रास्वपाकै फराकिलो बहुमत

**पोखरापत्र संवाददाता**
पर्वत, २५ फागुन

पर्वतमा समानुपातिक निर्वाचनतर्फ मतगणना सम्पन्न भएको छ । मंगलबार सम्पन्न अन्तिम मत परिणामअनुसार राष्ट्रिय स्वतन्त्र पार्टीले अन्य दलको तुलनामा दोब्बरभन्दा बढी मत प्राप्त गरेको छ।

मुख्य निर्वाचन अधिकृतको कार्यालयले दिएको जानकारीअनुसार पर्वतमा राष्ट्रिय स्वतन्त्र पार्टीको घण्टी चिह्नले ३० हजार ७३५ मत पाएको छ। यसैगरी दोस्रोमा नेपाली कांग्रेसले १३ हजार ८७४ र तेस्रोमा नेकपा (एमाले) ले १३ हजार ३५० मत पाएका छन् । नेपाली कम्युनिष्ट पार्टीले तीन हजार ३८४ मत पाएको छ । यसरी नतिजा हेर्दा एमाले, कांग्रेस र नेकपा गरी तीन वटै दलले पाएको मतभन्दा रास्वपा एक्लैले पाएको मत बराबर जस्तै रहेको छ।

यसैगरी राष्ट्रिय प्रजातन्त्र पार्टीले एक हजार ४७७ र राष्ट्रिय जनमोर्चाले १२८ मत पाएको छ । पर्वतमा समानुपातिकतर्फ साना ठूला गरी १५ वटा राजनीतिक दललाई मत परेको थियो। अन्य राजनीतिक दलको मत सङ्ख्या १०० भन्दा कम रहेको छ। पर्वतमा प्रत्यक्षतर्फ रास्वपाकै उम्मेदवार सागर भुसालले फराकिलो मतान्तरले विजयी हुनुभएको थियो । प्रत्यक्षतर्फ खसेको मत र समानुपातिक तर्फको मतमा कांग्रेस दोस्रो, एमाले तेस्रो र नेकपा चौथो तथा राप्रपा पाँचौं स्थानमा परेका हुन् । पर्वतमा यसअघि नेकपा (एमाले) का उम्मेदवार पदम गिरी लगातार दुई पटक विजयी हुनुभएको थियो भने त्यसअघि तीन पटकसम्म नेपाली कांग्रेसका उम्मेदवार अर्जुनप्रसाद जोशी विजयी हुनुभएको थियो। पुराना राजनीतिक दल र पटकपटक दोहोरिएका उम्मेदवारहरूप्रति नागरिकको असन्तुष्टि बढेका कारण विगतका निर्वाचनभन्दा अझै फराकिलो अन्तरले रास्वपा उम्मेदवार भुसाल विजयी हुनुका साथै समानुपातिकतर्फ नयाँ दलले नै बढी मत पाएको हो। पर्वतमा समानुपातिकतर्फ ६६ हजार २८७ मत खसेकोमा एक हजार ६५४ मत बदर भएका हुन्।

पर्वतका १४ उम्मेदवारको जमानत जफत हुने

प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ अन्तर्गत पर्वतमा सबै मत परिणाम सार्वजनिक भइसकेको छ । अन्तिम मत परिणामअनुसार नेपाली कम्युनिष्ट पार्टीका उम्मेदवारसहित १४ जना उम्मेदवारको जमानत जफत हुने भएको छ । नेपाली कम्युनिष्ट पार्टीका उम्मेदवार मनहरि तिमिल्सिनाले कूल सदर मतको १० प्रतिशत कटाउन नसक्नुभएको हो । शर्माले चार हजार ५५७ मत ल्याउनुभयो । जिल्लामा प्रत्यक्षतर्फ कूल ६५ हजार ३७९ मतमध्ये कूल सदर मत ६३ हजार २०३ मतको १० प्रतिशत तिमिल्सिनाले कटाउन सक्नुभएन । उहाँले छ हजार ३२० मत ल्याउनुपर्ने थियो । पर्वतमा दुई हजार एक सय ७६ मत बदर भएका थिए। तिमिल्सिनाले जिल्लामा बाँदर नियन्त्रणदेखि विकास निर्माणको समग्र खाका लिएर मतदाता सामु पुगे जिल्लामा चौथो स्थान प्राप्त गनुभएको छ । राप्रपा उम्मेदवार दुर्गाबहादुर मल्लले ५२५, नेपाल मजदुर किसान पार्टीकी उम्मेदवार ऐलिना सुवालले सात, नेपाल कम्युनिष्ट पार्टी माओवादीका कृष्णबहादुर विकले ११८, आम जनता पार्टीकी पवित्रा मल्लले पाँच, राष्ट्रिय जनमोर्चाका उम्मेदवार भिमलाल न्यौपानेले ८७ मत पाउनुभएको छ। राष्ट्रिय जनमुक्ति पार्टीकी माया पाइजा पुन फकामी मगरले १९ मत, उज्यालो नेपाल पार्टीका उम्मेदवार यामबहादुर चोचांगी पुनले १२२, मङ्गोल नेशनल अर्गनाइजेशन पार्टीकी उम्मेदवार लालकुमारी थापा रानाले ४१, नेशनल रिपब्लिक नेपालका उम्मेदवार वीरबहादुर गुरुङले ९८ मत पाउनुभएको छ।

स्वतन्त्रबाट उम्मेदवार बनेका सीतादेवी शर्माले आठ, सावित्री शर्माले तीन, मिना पौडेल शर्माले आठ र गङ्गालाल रिमालले पाँच मत पाउनुभएको हो। निर्वाचनमा होमिएका १७ जना उम्मेदवारमध्ये तीन वटा राजनीतिक दलको मात्र जमानत जोगिएको हो । पर्वतमा राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार सागर भुसालले २६ हजार ५६१ मत प्राप्त गरी विजयी हुनुभएको छ भने दोस्रोमा नेपाली कांग्रेसका उम्मेदवार अर्जुनप्रसाद जोशीले १५ हजार ९५४ र नेकपा (एमाले) का उम्मेदवार पदम गिरीले १५ हजार ७५ मत प्राप्त गरी तेस्रो हुनुभएको थियो। उम्मेदवारी दर्ताका लागि पुरुषको हकमा रु दश हजार र महिलाको हकमा रु. पाँच हजार धरौटी तिर्नुपर्ने प्रावधान रहेको छ।

# कास्कीमा रास्वपाका उम्मेदवार भन्दा दललाई बढी मत

**पोखरापत्र संवाददाता**
पोखरा, २५ फागुन

गत बिहीबार सम्पन्न प्रतिनिधिसभा सदस्यको निर्वाचनमा प्रत्यक्ष तर्फ विजयी एवम् समानुपातिकतर्फ पहिलो बनेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का उम्मेदवार भन्दा दललाई बढी प्राप्त भएको छ।

तीनवटै क्षेत्रमा उक्त दलका प्रत्यक्षतर्फका उम्मेदवारले पाएको मत एक लाख नौ हजार ५४४ मत रहेकामा समानुपातिकतर्फ भने दलले एक लाख १३ हजार ६२८ मत प्राप्त गरेको छ।

उक्त दलका उम्मेदवार भन्दा दलले जिल्लामा चार हजार ८४ मत बढी पाएको छ। जिल्लामा नेपाली कांग्रेस र नेकपा एमालेमा भने दलले भन्दा उम्मेदवारले पाएको मत बढी छ । नेपाली कांग्रेसले समानुपातिकतर्फ दलले २८ हजार ६५६ मत पाएकोमा उम्मेदवारले पाएको मत ३० हजार ४९४ छ। नेकपा एमालेले समानुपातिकतर्फ दलले पाएको मत २४ हजार १९९ रहेकोमा प्रत्यक्षतर्फ उम्मेदवारले पाएको मत २५ हजार ८२८ रहेको छ । त्यस्तै राष्ट्रिय प्रजातन्त्र पार्टी र नेपाली कम्युनिष्ट पार्टीमा उम्मेदवारले भन्दा दलले बढी मत पाएका छन् । राष्ट्रिय प्रजातन्त्र पार्टीले प्रत्यक्षतर्फ उम्मेदवारले पाएको मत चार हजार २७ रहँदा समानुपातिकतर्फ दलले पाएको मत छ हजार ४६६ रहेको छ।

नेपाली कम्युनिष्ट पार्टीले प्रत्यक्षतर्फ उम्मेदवारले पाएको मत पाँच हजार २११ हुँदा समानुपातिकतर्फ दलले पाएको मत पाँच हजार ७६३ रहेको निर्वाचन कार्यालयले जनाएको छ।

# भारतले जित्यो ट्वान्टी-२० विश्वकप क्रिकेटको उपाधि

**रासस**
काठमाडौं, २५ फागुन

भारतले न्यूजिल्याण्डलाई पराजित गर्दै आइसिसी ट्वान्टी-२० विश्वकप क्रिकेट प्रतियोगिताको उपाधि जितेको छ।

भारतको अहमदाबादस्थित नरेन्द्र मोदी स्टेडियममा सोमबार भएको फाइनलमा न्यूजिल्याण्डलाई ९६ रनले हराउँदै भारतले विश्वकपको उपाधि जितेको हो । विश्वकपमा भारतको यो लगातार दोस्रो उपाधि हो । यसअघि सन् २०२४ मा भएको विश्वकपको उपाधि पनि भारतले जितेको थियो। सन् २००७ को विश्वकपमा पनि भारतले उपाधि जितेको थियो।

सोमबार भारतले दिएको २५६ रनको विशाल लक्ष्य पछ्याएको न्यूजिल्याण्ड १९ ओभरमा सबै विकेट गुमाउँदै १५९ रनमै समेटियो। न्यूजिल्याण्डका लागि टिम सिफर्टले सर्वाधिक २६ बलमा दुई चौका र पाँच छक्काको मद्दतमा ५२ रन बनाए । त्यस्तै मिचेल स्यान्टनरले ३५ बलमा ४३ रन जोडे भने ड्यारिल मिचेलले ११ बलमा १७ रन बनाए । त्यसबाहेक अन्य ब्याट्सम्यानले दोहोरो अङ्कमा रन जोड्न सकेनन् । बलिङतर्फ भारतका बलरहरू उत्कृष्ट देखिए। जसप्रित बुमराहले ४ ओभरमा १५ रन दिँदै ४ विकेट लिए। त्यसैगरी अक्षर पटेलले ३ विकेट लिए भने हार्दिक पाण्ड्या, वरुण चक्रवर्ती र अभिषेक शर्माले समान १-१ विकेट लिए। त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको भारतले निर्धारित २० ओभरमा ५ विकेट गुमाउँदै २५५ रनको योगफल बनाएको थियो । भारतका लागि सञ्जु सैमसनले उत्कृष्ट ब्याटिङ गर्दै ४६ बलमा ५ चौका र ८ छक्कासहित सर्वाधिक ८९ रन बनाए । त्यस्तै अभिषेक शर्माले २१ बलमा ५२ रन जोडे भने इशान किशनले २५ बलमा ५४ रन बनाए। हार्दिक पाण्ड्याले १३ बलमा १८ रन बनाए। कप्तान सूर्यकुमार यादव भने ज्ञ बलमै आउट भए। अन्त्यतिर शिवम दुबेले ८ बलमा २६ रन बनाए भने तिलक वर्मा ८ रनमा अविजित रहे । न्यूजिल्याण्डका लागि जेम्स निशमले ३ विकेट लिए । त्यस्तै म्याट हेनरी र रचिन रविन्द्रले समान १-१ विकेट लिए।

# समानुपातिकमा तनहुँमा रास्वपा पहिलो

**पोखरापत्र संवाददाता**
दमौली, २५ फागुन

समानुपातिकतर्फ तनहुँमा रास्वपा पहिलो दल बनेको छ । सोमबार बिहान सम्पन्न मतपरिणामअनुसार रास्वपाले सबैभन्दा बढी मत प्राप्त गरेको हो । तनहुँमा रास्वपाले ६९ हजार १३२ मत प्राप्त गरेको जिल्ला निर्वाचन कार्यालय तनहुँले जनाएको छ।

जिल्ला निर्वाचन अधिकारी विकास लम्सालका अनुसार नेपाली कांग्रेसले २७ हजार ४३९, नेकपा (एमाले) ले १५ हजार ९४०, नेपाली कम्युनिष्ट पार्टीले चार हजार ६४८, राप्रपाले तीन हजार ६७, श्रम संस्कृति पार्टीले दुई हजार ७४२, मङ्गोल नेसनल अर्गनाइजेसनले ७३३ मत प्राप्त गरेको छ। त्यसमध्ये तनहुँ क्षेत्र नम्बर १ मा रास्वपाले ३८ हजार ८०७, नेपाली कांग्रेसले १५ हजार १७२, नेकपा (एमाले) ले पाँच हजार ९६०, नेपाली कम्युनिष्ट पार्टीले दुई हजार ८४८, राप्रपाले एक हजार ७७६, श्रम संस्कृति पार्टीले एक हजार ५३२, मङ्गोल नेसनल अर्गनाइजेसनले २६७ मत प्राप्त गरेको छ।

क्षेत्र नम्बर २ तर्फ रास्वपाले ३० हजार ३२५, नेपाली कांग्रेसले १२ हजार २६७, नेकपा (एमाले) ले नौ हजार ९८०, नेपाली कम्युनिष्ट पार्टीले एक हजार ८००, राप्रपाले एक हजार २९९, श्रम संस्कृति पार्टीले एक हजार २१०, मङ्गोल नेसनल अर्गनाइजेसनले ४६६ मत प्राप्त गरेको छ।

# समानुपातिकतर्फ ९९ लाख ७४ हजार मतगणना

**रासस**
काठमाडौं, २५ फागुन

समानुपातिक निर्वाचन प्रणालीतर्फ हालसम्म कुल ९९ लाख ७४ हजार २५ मतगणना भएको छ।

निर्वाचन आयोगले उपलब्ध गराएको ११:२० सम्मको विवरणअनुसार राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले सबैभन्दा बढी अर्थात् ४८ लाख एक हजार २७२ मत प्राप्त गरेको छ।

त्यस्तै, नेपाली कांग्रेसले १६ लाख १३ हजार ४७०, नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले १३ लाख ४४ हजार ८५८, नेपाली कम्युनिष्ट पार्टी (नेकपा)ले सात लाख २९ हजार ९४१, श्रम संस्कृति पार्टीले तीन लाख ४० हजार ३४०, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रसा)ले तीन लाख १४ हजार ५३२ मत प्राप्त गरेको छ।

जनता समाजवादी पार्टी नेपालले एक लाख ६४ हजार ४७७, राष्ट्रिय परिवर्तन पार्टीले एक लाख ५९ हजार ६००, जनमत पार्टीले ७२ हजार ७७४ मत प्राप्त गरेका छन्। मतगणना जारी छ।

सुत्केरीको स्वास्थ्यमा ध्यान दिऔं।
- गर्भावस्थामा कम्तिमा ८ पटक स्वास्थ्य जाँच गराऔं।
- स्वास्थ्य संस्थाबाट प्रसुति सेवा लिऔं।
- गर्भवति महिलालाई नियमित पोषिलो खाने कुरा खुवाऔं।
- बच्चा जन्मनेवित्तिकै विगौति दुध खुवाऔं।
- छ महिनासम्म आमाको दुध मात्र खुवाऔं।
- बच्चा जन्मेपछि स्वास्थ्य संस्थामा गई स्वास्थ्य परीक्षण गराऔं।
- राष्ट्रिय खोप तालिकाअनुसार बालबालिकालाई सबै खोप लागाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# खेलाडीहरूको तालाबन्दीमा एन्फाको ध्यानाकर्षण

**पोखरापत्र संवाददाता**
काठमाडौं, २५ फागुन

अखिल नेपाल फुटबल सङ्घ (एन्फा)ले खेलाडीहरूले गरेको तालाबन्दीप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ।

एन्फाले सोमबार प्रेस विज्ञप्ति जारी गर्दै सातदोबाटोस्थित एन्फा केन्द्रीय कार्यालयमा भएको तालाबन्दीका कारण प्रशासनिक कामकाज प्रभावित भएको भन्दै तत्काल तालाबन्दी खोल्न सम्बन्धित पक्षलाई आह्वान गरेको छ । नेपाल फुटबल खेलाडी सङ्घले विभिन्न माग राखी आइतबार तालाबन्दी गरेको थियो । सङ्घका अनुसार केही खेलाडीहरूले तलब, भत्ता, पुरस्कार रकम, प्रतियोगिता तथा खेलाडी कल्याण कोषसम्बन्धी माग राख्दै तालाबन्दी गरेका हुन् । एन्फाले भने खेलाडीहरूको माग सम्बन्धित नियम तथा प्रक्रियाअनुसार समाधान गर्ने प्रयास भइरहेको बताएको छ। विज्ञप्तिमा ए डिभिजन क्लबका खेलाडीहरू राष्ट्रिय टोलीमा सहभागी हुँदा पाउने भत्ता र सेवा-सुविधासम्बन्धी व्यवस्था स्पष्ट रूपमा उल्लेख गरिएको जनाइएको छ।

एन्फाले पुरस्कार रकम तथा अन्य भुक्तानी नियमअनुसार क्रमशः उपलब्ध गराइने बताउँदै तालाबन्दीका कारण फुटबल गतिविधिमा नकारात्मक प्रभाव पर्नसक्ने भएकाले सम्बन्धित पक्षलाई संवादमार्फत समस्या समाधान गर्न आग्रहसमेत गरेको छ।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि


डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार


डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि


डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक टन सिद्धान्तको तुलनामा एक औंस कामको धेरै मूल्य हुन्छ । - फ्रेडरिक एंगेल्स

## सम्पादकीय

# रास्वपाले पाएको ऐतिहासिक सफलता

प्रतिनिधिसभाको चुनावी परिणामले नयाँ दललाई सत्ताको जिम्मेवारी सम्हाल्ने ठाउँमा पुऱ्याएको छ । लामो समयदेखि सत्ता संचालन गरेका पुराना दलहरूलाई उठ्न नसक्ने बनाइदिएको छ । नेपालको संसदीय इतिहासमा यो एउटा राजनीतिक सुनामी जस्तै बनेको छ, । दशकौंदेखि जरा गाडेर बसेका राजनीतिक किल्लाहरूलाई भत्काएको छ । दलहरूको गढ, जातीय समुदायको गढ, कोर एरिया , ठेकेदार कोही छैन भन्ने देखाएको छ ।

निर्वाचनको नतिजा नेपाली जनताको वर्षौंदेखिको गुम्सिएको आक्रोश र परिवर्तनको तीव्र भोकको प्रस्फुटन हो । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले समानुपातिक र प्रत्यक्षमा गरि दुई तिहाइ सिट पाएको छ । नेपाली कांग्रेसले २० सिट पाउन नसक्दा नेकपा एमाले प्रत्यक्षमा १० सिट पुऱ्याउन सकेको छैन । पुराना दल सीमित सिटमा खुम्चिनुले नेपाली नागरिकमा परिवर्तनको भोक स्पष्ट देखिएको छ । इतिहास बोकेका दलहरू खुम्चिनुले स्पष्ट सन्देश दिएको छ- 'अब पुरानो ढर्रा चल्दैन । पुराना नेता सबै पराजित हुनु पुस्तान्तरणको आवाजलाई नबुझ्नु हो ।' २०४६ सालको परिवर्तनपछि नेपालको सत्ता राजनीतिमा कांग्रेस, एमाले र माओवादीको जुन 'रजगज' थियो, त्यसको एउटा कालखण्ड समाप्त भएको निर्वाचन परिणामले पुष्टि गरेको छ । यी दलहरूले आफूलाई लोकतन्त्रको पर्यायवाची ठाने, तर लोकतन्त्रभित्र हुनुपर्ने उत्तरदायित्व र पारदर्शितालाई कहिल्यै आत्मसात् गरेनन् ।

सत्ताको लुछाचुँडी र गुटबन्दीले यो हाल भएको हो । अर्को मुख्य कारण हो, जनताको आधारभूत आवश्यकताभन्दा पनि आफ्ना कार्यकर्ता र आफन्तको व्यवस्थापनमा दलीय शीर्षनेताहरू पनि केन्द्रित हुनु । यो निर्वाचनमा युवा पुस्ता, विशेषगरी 'जेन-जी'को भूमिका निर्णायक देखिएको छ। अन्यथा, दुई वर्षपछि यो निर्वाचन हुँदैथियो । प्रविधिको प्रयोग, विश्वव्यापी चेतना र पुराना नेताहरूको 'हैकमी पारा'प्रतिको घृणाले नयाँ शक्तिलाई सत्ताको सोपानसम्म पुऱ्याएको छ ।

पुराना दलका शीर्ष नेताहरूमा 'म वा हामीबिना देश चल्दैन' भन्नेजस्ता अहंकार थियो, त्यसलाई जनताले मतपत्रमार्फत कडा जवाफ दिएका छन् । सत्तामा रहँदा समयको पदचाप चिन्न नसक्नु र पुरानै आश्वासनको खेती गरिरहनु नै उनीहरूको हारको मुख्य कारण बन्यो । माओवादी त नाम नै परिवर्तन गरेर एक किसिमको विलयमा गएकै थियो, परिणामले त्यसलाई झनै पुष्टि गरिदियो । कांग्रेस र एमाले जस्ता पुराना दलहरूका लागि पनि यो निर्वाचन ' अन्तिम चेतावनी' बन्यो ।

अब पनि नसच्चिने हो भने उनीहरू इतिहासको पानामा मात्र सीमित हुनेछन् । पुस्तान्तरण र रूपान्तरण अहिलेको माग हो । केवल उमेरले होइन, विचार र कार्यशैलीमा पनि पुस्तान्तरण आवश्यक छ पुराना र असफल सिद्ध भएका अनुहारहरूले विश्राम लिएर नयाँ र भिजन भएका युवाहरूलाई नेतृत्व सुम्पन सक्नुपर्छ । आत्मालोचना र स्वीकारोक्ति । हारको दोष अरूलाई दिनुभन्दा पनि कमीकमजोरी स्वीकार्दै जनतामाझ 'क्षमायाचना'सहित जानु बुद्धिमानी हुनेछ । विपक्षमा पुगेका दलका नेताले सत्ता सधैं एउटैको पेवा हुँदैन भन्ने लोकतन्त्रको सुन्दर पक्षलाई स्वीकार गर्दै रचनात्मक प्रतिपक्षको भूमिका निर्वाह गर्नुपर्छ । रास्वपाले ऐतिहासिक सफलता पाएको हुँदा बढी जिम्मेवारीबोध गरेर चल्नु मतादेश हो ।

# दुई महिनापछि खुले तल्लो मुस्ताङका विद्यालय

पोखरापत्र संवाददाता
मुस्ताङ, २५ फागुन

यहाँस्थित तल्लो मुस्ताङका विद्यालय दुई महिनापछि खुलेका छन् ।

हिउँदयाममा चिसोका कारण बन्द भएका यहाँको बारागुङ, घरपझोङ र थासाङ गाउँपालिकाका विद्यालय आजदेखि खुलेको शिक्षा विकास तथा समन्वय एकाइ मुस्ताङले जनाएको छ ।

यहाँका विद्यालयहरूले अर्धवार्षिक परीक्षा सकेर पुस महिनाको पहिलो हप्ता विद्यार्थीहरूलाई जाडो बिदा दिएको थियो । शिक्षा विकास तथा समन्वय एकाइ प्रमुख रामेश्वर लामिछानेका अनुसार ती क्षेत्रमा १८ वटा विद्यालय छन् । मुस्ताङमा हिउँदयाममा पूरै विद्यालय बन्द गरेका शैक्षिक संस्थाले ४५ दिनको सरकारी बिदा र १५ दिनको सट्टा बिदा कटौती गर्ने गरी दुई महिना विद्यालय बन्द गर्ने गरेका छन् ।

त्यसैगरी जाडो छल्न बैंसी झरेका माथिल्लो मुस्ताङका विद्यालयहरूले ४५ दिने सरकारी बिदा गरेर वैशाख महिनामा साविकको स्थानमा शैक्षिक पठनपाठन सुरु गर्ने गर्छन् ।

# गुराँस हेर्न रायराँयकोट



पोखरापत्र संवाददाता
बागलुङ, २५ फागुन

बागलुङको रायराँयकोट यतिबेला चर्चामा छ । गुराँसको जङ्गलबीच रहेको धार्मिक तथा पर्यटकीयस्थल रायराँयकोटमा पूर्वाधार थपिएसँगै त्यहाँ पुग्ने पर्यटक बढेका हुन् । रायराँयकोटमा सडक, विद्युतलगायतका पूर्वाधारको विकास भएको छ भने सत्तल पनि निर्माण भएको हो ।

रायराँयकोट पञ्चकोटसँग जोडिएकाले पनि पर्यटक आकर्षित गर्न सहज भएको हो । बागलुङ नगरपालिका-७ बौलुङमाथिको डाँडामा रहेको रायराँयकोट आसपासको क्षेत्र गुराँसले ढकमक्क भएको स्थानीय लालबहादुर गौतमले बताउनुभयो । यहाँ वैशाख र जेठमा स्थानीय समुदायले वर्षदिवका रुपमा समेत पूजाआजा गर्दै आएका छन् । बागलुङ नगरपालिका र गण्डकी प्रदेशको पर्यटन मन्त्रालयबाट यहाँको पूर्वाधार निर्माणमा सहयोग आएको छ । अहिले त्यहाँ सडक पुगेकाले सहज भएको छ। स्थानीय गौतमले भनुभयो, "पदमार्ग, खानेपानी, शौचालय र सत्तलजस्ता धार्मिक पूर्वाधारहरू निर्माण भएका छन्, अहिले गुराँससँग फोटो खिच्ने, टिकटक बनाउने र हिमशृङ्खला हेर्न यहाँ आउने बढेका छन् ।"

गण्डकी प्रदेश सरकारको पर्यटन मन्त्रालयअन्तर्गत रायराँयकोटमा अहिलेसम्म रु २० लाखको पूर्वाधार निर्माण भइसकेको छ । मन्दिरको छाना छाउने, पुरानो घण्टी संरक्षण, सत्तल निर्माण, पर्खाल निर्माण र मैदान बनाइएको छ । यस्तै पञ्चकोटदेखि संसारकोट पुग्ने पदमार्ग निर्माणका लागि रु ५० लाख बजेट सङ्घीय सरकारबाट आएको छ ।

# पोखरा आदर्शमा अनुसन्धान विधि तालिम तथा बजार अध्ययन

पोखरापत्र संवाददाता
पोखरा, २५ फागुन



पोखरा आदर्श सेकेण्डरी स्कुल, बगरले कक्षा १२ व्यवस्थापन विषय अध्ययनरत ८० जना विद्यार्थीका लागि अनुसन्धान विधि सम्बन्धी तालिम सञ्चालन गरेको छ । तालिममा विषय विज्ञ नारायण न्यौपाने र कुशल तिमिल्सिनाले प्रशिक्षण दिएका थिए ।

कार्यक्रम अन्तर्गत पहिलो दिन अनुसन्धान विधिबारे सैद्धान्तिक कक्षा सञ्चालन गरिएको थियो । त्यसपछि विद्यार्थीलाई दुई घण्टाको क्षेत्रगत बजार अध्ययनमा सहभागी गराइयो । मिरुवा, नदीपुरदेखि दीपसम्मका क्षेत्रमा विद्यार्थीहरूले विभिन्न व्यापार-व्यवसायका सञ्चालक, कर्मचारी तथा उपभोक्तासँग भेटघाट गरी गुणात्मक र परिमाणात्मक तथ्यांक संकलन गरेका थिए । तालिमको उद्देश्य विद्यार्थीलाई सैद्धान्तिक ज्ञानसँगै अनुसन्धानको व्यावहारिक अनुभव दिलाउनु रहेको विद्यालयले जनाएको छ । विद्यालयका निर्देशक तथा प्रशिक्षक नारायण न्यौपानेले सैद्धान्तिक, व्यावहारिक र प्रयोगात्मक विधिबाट बजारको अवस्था पहिचान, अनुगमन तथा वैज्ञानिक तरिकाले तथ्यांक संकलन र विश्लेषण गर्ने अभ्यास गराइएको जानकारी दिए । संकलित तथ्यांकका आधारमा विद्यार्थीहरूले अनुसन्धान पत्र तयार गरी पोखरा वडा नम्बर १ मा अवस्थित विभिन्न उद्योग तथा व्यवसायको स्थापना, परिचय, समस्या र चुनौती समेटेर प्रतिवेदन बुझाएका छन् । यस क्रममा करिब ४० वटा व्यापारिक स्थलको अवलोकन अध्ययन गरिएको विद्यालयले जनाएको छ । प्रयोगात्मक अध्ययनका क्रममा विद्यार्थीहरू उत्साहित देखिएका थिए । विद्यार्थी संगम कुवर र रोहित पोखरेलले नदीपुर स्थित 'ढकाल खाजाघर' को अवलोकन गरी अन्तर्वार्ता विधिबाट तथ्यांक संकलन गरेका थिए । उनीहरूको अध्ययन डिजिटल भुक्तानी प्रणालीको प्रयोग र त्यसका चुनौतीमा केन्द्रित थियो । नितिसा ताम्राकार र साजना बसेलले बगर स्थिति 'क्रिमि क्रियसन बेकरी' को सञ्चालन प्रक्रिया, उत्पादन तथा आम्दानी-खर्चबारे अध्ययन गरेका थिए । बेकरी उद्योगमा कच्चा पदार्थको मूल्यवृद्धि र विद्युत् समस्या प्रमुख चुनौतीका रूपमा देखिएको उनीहरूको अध्ययनले देखाएको छ । विद्यालयका उप-प्राचार्य ज्ञानेश्वर सुबेदीले विद्यार्थीलाई व्यावहारिक ज्ञान प्रदान गर्ने उद्देश्यले अनुसन्धान विधि तालिम आयोजना गरिएको बताए । प्रशिक्षक कुशल तिमिल्सिनाका अनुसार कक्षा १२ को सामाजिक अध्ययन विषयमा समेटिएको विश्वविद्यालयस्तरको अनुसन्धान विधिबारे विद्यार्थीलाई जानकारी दिइएको हो । तालिम र परियोजना कार्यले विद्यार्थीलाई जीवनोपयोगी सीप विकास गर्ने अवसर समेत दिएको उनले बताए । त्यस्तै गरि कक्षा १२ विज्ञान समुहका बिधार्थीहरूलाई जोमसोम मुक्तिनाथ क्षेत्रको विभिन्न पक्षको अध्ययन गर्न लागिएको थियो । विज्ञान संयोजक बलराम सुबेदीले आगामी दिनमा कक्षा ११ लाई केन्द्रित भइ कार्य गर्ने जानकारी दिए ।

# गोरखा-१ मा रास्वपाका गुरुङ विजयी

पोखरापत्र संवाददाता
गोरखा, २५ फागुन



प्रतिनिधिसभा निर्वाचनअन्तर्गत प्रत्यक्षतर्फ गोरखा क्षेत्र नं १ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवार सुधन गुरुङ विजयी हुनुभएको छ ।

सोमबार सम्पन्न भएको मतगणनामा रास्वपाका गुरुङले २९ हजार ८९६ मत ल्याएर विजयी हुनुभएको निर्वाचन कार्यालयका सूचना अधिकारी रविलाल सुवेदीले जानकारी दिनुभयो । उहाँले आफ्ना निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका प्रेमकुमार खत्रीलाई १४ हजार ४९८ मतले पराजित गर्नुभएको हो । नेपाली कांग्रेसका उम्मेदवार खत्रीले १५ हजार ३९८ मत प्राप्त गर्नुभएको छ । यस्तै नेपाली कम्युनिष्ट पार्टीका हरिराज अधिकारीले ११ हजार १२४ मत प्राप्त गर्नुभएको सूचना अधिकारी सुवेदीले बताउनुभयो । त्यस्तै, नेकपा (एमाले) का उम्मेदवार रामचन्द्र लामिछानेले तीन हजार ७३२ मत प्राप्त गर्नुभएको छ ।

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शुभ यात्रा | तुला | : सत्कार मिल्नेछ |
| वृष | : स्वास्थ्यमा सुधार | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : आर्थिक समस्या | धनु | : शारीरिक झमेला |
| कर्कट | : शत्रुको भय | मकर | : मानसिक तनाव |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : कार्यमा सफलता | मीन | : झमेला बढ्ने |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्फनुहोस् ।


# पुतलीबजार नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
## प्रगतिनगर, स्याङ्जा
## गण्डकी प्रदेश, नेपाल

## ठेक्का आव्हानको सूचना

**प्रकाशित मितिः २०८२/११/२६**

१. पुतलीबजार नगरपालिका , प्रगतिनगर, स्याङ्जाले तपसिल बमोजिमको खरिद कार्यहरु अगाडी बढाउन योग्य बोलपत्रदाताहरुबाट इलेक्ट्रोनिक माध्यमबाट ठेक्का आवहान गरेको छ ।

२. इलेक्ट्रोनिक माध्यमबाट आफ्नो ठेक्का पेश गर्न चाहाने योग्य बोलपत्रदाताले www.bolpatra.gov.np/egp मा गई आवश्यक कागजात हेर्न, डाउनलोड गर्न र पेश गर्न सक्नुहुनेछ । ठेक्का कागजात खरिदका लागि नेपाल बैंकको राजस्व खाता नं : ०७२०३०००००१००१०००००१, राजस्व शिर्षक नं: १४२२९ मा तोकिएको रकम दाखिला गर्न सक्नुहुनेछ । ठेक्काको लागि बोलपत्र जमानत बैंक मार्फत दाखिला गर्न चाहने बोलपत्रदाताले नेपाल बैंकको धरौटी खाता नं: Ga -३ -००७२०३००००३०००००००१ मा जम्मा गर्न सक्नुहुनेछ ।

३. सम्पूर्ण खरिद प्रक्रिया सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ वमोजिम हुनेछ ।

| क्र. सं. | ठेक्का नं | ठेक्काको विवरण | लागत अनुमान (भ्याट र पि.एस सहित) | खरिद प्रक्रिया | जमानत रकम | ठेक्का फारम दस्तुर | ठेक्का बुझाउने अन्तिम मिति र समय | ठेक्का जमानत म्याद |
|---|---|---|---|---|---|---|---|---|
| १. | 35/PM/SQ/GOODS/082/83 | Procurement of Paddy Seeds | १२,०६,८७४.३४ | सिलबन्दी दरभाउपत्र | ३०,००० | १००० | १२:०० २०८२/१२/११ | सार्वजनिक खरिद ऐन तथा नियमावली वमोजिम |
| २. | 30/PM/NCB/WORKS/O82/83 | Bejhang Satau Chandikalika Khanepani aayojana Marmat (rebid) | ३५,१३,०५२.५० | बोलपत्र | ९०,००० | ३००० | | |

प्रमुख प्रशासकीय अधिकृत

# म्याग्दीमा करिब सात प्रतिशत मत बदर

**पोखरापत्र संवाददाता**
म्याग्दी, २५ फागुन

प्रतिनिधीसभा सदस्य निर्वाचनअन्तर्गत म्याग्दीमा प्रत्यक्षतर्फ सात र समानुपातिकमा तीन प्रतिशत मत बदर भएको छ । प्रत्यक्षतर्फ तीन हजार १७६ र समानुपातिकतर्फ एक हजार ७१० मत बदर भएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।

विसं २०७९ मा भएको निर्वाचनको तुलनामा यस वर्ष दुई वटै प्रणालीको मत बदरको दर बढेको हो । यही फागुन २१ गते बिहिबार भएको निर्वाचनमा प्रत्यक्षतर्फ ४६ हजार ३३६ मत खसेकोमा ४३ हजार १६० मत सदर भएको थियो । समानुपातिकतर्फ ४७ हजार २६१ मत खसेकोमा ४५ हजार ९०६ मत सदर भएको जिल्ला निर्वाचन अधिकृत बिमल गौतमले बताउनुभयो । विसं २०७९ मा भएको प्रतिनिधिसभा सदस्य निर्वाचनमा प्रत्यक्षतर्फ ४९ हजार ६९९ मत खसेकामा चार दशमलव दुई प्रतिशत अथवा दुई हजार ८५ मत बदर र ४७ हजार ६१४ मत सदर भएको थियो । अघिल्लो निर्वाचनमा समानुपातिकतर्फ ५० हजार ३७८ मत खसेकामा पाँच दशमलव २५ प्रतिशत अथवा दुई हजार ६४६ मत बदर र ४७ हजार ७३२ मत सदर भएको जिल्ला निर्वाचन कार्यालय म्याग्दीको अभिलेखमा उल्लेख छ ।

मत बदरको दर बढ्नुमा मतदाता शिक्षाको कमी प्रमुख कारण देखिएको छ । जिल्ला निर्वाचन कार्यालय म्याग्दीले ४५ वटै वडामा स्वयंसेवक परिचालन गरी मतदाता शिक्षा कार्यक्रम सञ्चालन गरे पनि प्रभावकारी बन्न नसकेको पाइएको छ ।

राजनीतिक दलका नेता कार्यकर्ता र उमेद्वारका समर्थकहरूले पनि मतदाता शिक्षामा ध्यान दिन नसक्दा मत बदरको दर बढेको हो । मतपत्रमा एकभन्दा बढी चिह्न लगाउने, गलत स्थानमा छाप लगाउने तथा खाली मतपत्र हाल्नेजस्ता कारणले मत बदर भएको निर्वाचन अधिकारी गौतमले बताउनुभयो । ८६ हजार ३९७ मतदाता रहेकोमा ५४ प्रतिशत मत खसेको थियो ।

# केमिकल इन्जिनियर सुशील खड्काको संसदीय यात्रा

**खेमराज गौतम**
बागलुङ, २५ फागुन/रासस

बागलुङ नगरपालिका–३ गुठीमा जन्मनुभएका सुशील खड्का १२ वर्ष अघि अमेरिकाको बसाइ त्यागेर नेपाल फर्कनुभएको थियो । उहाँ त्यसपछि उद्यममा लाग्नुभयो । राष्ट्रिय राजनीतिमा युवाको आवश्यकता देखेर राष्ट्रिय स्वतन्त्र पार्टीमा लागेको बताउनुहुने खड्का हाले सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा बागलुङ क्षेत्र नं १ बाट २० हजार ९२७ मत प्राप्त गर्दै निर्वाचित हुनुभएको छ ।

खड्का फोहोर व्यवस्थापनदेखिसमाजसेवामासक्रिय रहँदै रास्वपामा प्रवेश गर्नुभएको थियो । आफ्ना प्रतिस्पर्धीलाई भारी मतान्तरले पराजित गर्नुभएका खड्काले बागलुङको छविलाई सुधार्ने योजना रहेको बताउनुभयो । उहाँले गुमेको बागलुङको साखलाई फिर्ता ल्याउँदै आर्थिक विकास, रोजगारी, हरित वातावरण र उद्यमशिलतामा जोड दिने बताउनुभएको छ । खड्कासँग



केमिकल इन्जिनियर, अर्थविद् तथा उद्यमीमा रूपमा काम गरेको अनुभव छ । 'बागलुङको छोरा, विश्वको ज्ञान–युवा नेतृत्व अबको समाधान' भन्ने नारासहित उहाँ चुनावमा होमिनुभएको थियो । समृद्ध बागलुङ र आत्मनिर्भर नेपाल निर्माणको लक्ष्यका साथ राजनीतिमा आएको उहाँ बताउनुहुन्छ । शैक्षिक रूपमा खड्काले अमेरिकाबाट केमिकल इन्जिनियरिङ तथा अर्थशास्त्रमा स्नातकोत्तर गर्नुभएको छ । उच्च शिक्षा पश्चात् नेपाल फर्किएर खड्का पछिल्लो १२ वर्षदेखि व्यवसाय, हरित उद्यम र सामाजिक सेवामार्फत मातृभूमिको सेवामा सक्रिय रहनुभएको थियो । उहाँले नीति निर्माणलाई उद्यमसँग जोड्न राजनीतिमा आफ्नो उपस्थिति रहेको बताउनुभयो ।

उद्यमसँगै नीति निर्माणमा संसदमा आवाज उठाउने खड्काको प्रतिबद्धता छ । "बागलुङलाई हरित उद्यमसँग जोड्ने, गुमेको बागलुङको साख फर्काउने, अलपत्र योजना सक्ने, सम्पर्क कार्यालयमार्फत जनताका गुनासा सुन्ने, जनताको घरमा पुगेर समस्या समाधान गर्ने मेरो लक्ष्य छ", खड्काले भन्नुभयो, "फोहोर व्यवस्थापन, बागलुङको समृद्धिको खाका बनाएर काम गर्छु ।" खड्काले नेपालमा रेस्टुरेन्ट, कृषि, फोहोरमैला व्यवस्थापन तथा हरित लगानीसम्बन्धी विभिन्न उद्यम स्थापना तथा सञ्चालन गर्दै आउनुभएको छ । खड्काले 'अभ्नी भेन्चर्स' मार्फत देशकै ठूलो प्लास्टिक रिसाइक्लिङ सञ्जाल स्थापना गरी सयौँलाई रोजगारी सिर्जना गरेको बताउनुभयो । खड्काले हिमाली जिल्लाहरूमा सरसफाइ अभियान सञ्चालन, रोटरी इन्टरनेशनलमार्फत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सामाजिक कार्यक्रममा सहभागिता, तथा बागलुङका धार्मिक–सांस्कृतिक सम्पदाको संरक्षणमा योगदान पुऱ्याइसक्नुभएको छ ।

नीतिगत रूपमा खड्का डिजिटल सुशासनमार्फत भ्रष्टाचार अन्त्य, पारदर्शी तथा जनमैत्री सेवा प्रवाह, युवालाई स्वदेशमै रोजगारी, उद्यमशीलताको प्रवर्द्धन, कृषिको व्यवसायीकरण, दिगो पर्यटन विकास, प्राविधिक शिक्षालाई राष्ट्रिय केन्द्रका रूपमा विकास तथा वैज्ञानिक फोहोर व्यवस्थापन प्रणाली लागू गर्ने योजना रहेको सुनाउनुभयो ।

खड्काले बागलुङको सम्भावना, समस्या र अवसरको अध्ययन पश्चात सङ्घीय संसदमा शसक्त आवाज उठाउन अगुवाई गर्ने बताउनुहुन्छ । जिल्लावासीले पनि उनीबाट केही न केही परिवर्तनको अपेक्षा गरेका छन् । तर त्यसको परिणाम हेर्न भने खड्काको संसदीय यात्रालाई धैर्यका साथ केही समय कुर्नुपर्ने अवस्था छ ।

# श्रम अभियन्ता हर्क साम्पाङको नगर प्रमुखदेखि सांसदसम्मको यात्रा

**संगीता राई**
काठमाडौँ, २५ फागुन/रासस

धरानका सडक, खोला र खानेपानीका मुहानमा श्रमदान अभियान चलाउँदै आफैं श्रममा उत्रिने नेताका रूपमा परिचित हर्कराज साम्पाङ राईको राजनीतिक यात्रा अब स्थानीय नेतृत्वदेखि राष्ट्रिय राजनीतितर्फ प्रवेश गरेको छ ।

धरान उपमहानगरपालिकाको प्रमुखमा निर्वाचित भएदेखि नेपाली राजनीतिक वृत्तमा कुनै न कुनै रूपमा चर्चाको पात्र बनिरहनु भएका राई हाले सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा सुनसरी निर्वाचन क्षेत्र नं १ बाट ३५ हजार ७४१ मत प्राप्त गर्दै विजयी बन्नुभएको हो ।

विसं २०७९ को स्थानीय तह निर्वाचनमा धरान उपमहानगरपालिकाको प्रमुख पदमा स्वतन्त्र उम्मेदवारका रूपमा 'लौरो' चुनाव चिन्ह लिएर उहाँ निर्वाचित हुनुभएको थियो । सामान्य जीवनशैली, स्पष्ट वक्ता र विकासका लागि श्रमदान अभियानका कारण राई छोटो समयमै चर्चामा आउनुभयो ।

नगर प्रमुख बनेपछि उहाँले परम्परागत राजनीतिक शैली भन्दा फरक अभ्यास गर्नुभयो । महँगा औपचारिकता भन्दा श्रमदान अभियानलाई प्राथमिकता दिनुभयो । उहाँ आफैं ढुङ्गा बोक्ने, नाली सफा गर्ने तथा पानीका मुहानसम्म पुगेर काम गर्नुभयो । धरानको दीर्घकालीन खानेपानी समस्या समाधानका लागि कोकाहा खोलाबाट पानी ल्याउने अभियानमा उहाँले महिनौँसम्म जनतासँगै श्रमदान गर्नुभयो । सामाजिक सञ्जालमार्फत प्रत्यक्ष संवाद, नागरिक सहभागितामा आधारित विकास र भ्रष्टाचारविरुद्ध खुलेर आवाज उठाउने शैलीले उहाँलाई समर्थकहरूबीच 'अभियानबाट उठेको नेता'का रूपमा चिनायो । उहाँको कार्यशैलीलाई लिएर आलोचना गर्नेहरू पनि उत्तिकै सक्रिय रहे । समर्थक र आलोचकबीचको बहसले उहाँलाई निरन्तर सार्वजनिक चर्चाको केन्द्रमा राख्ने गरेको छ । राईको सामाजिक र राजनीतिक सक्रियता भने मेयर बन्नुअघि नै सुरु भइसकेको थियो । २०६८ सालतिर धरानमा कर वृद्धि तथा विभिन्न बेथितिविरुद्ध भएका आन्दोलनमा उहाँ सक्रिय हुनुहुन्थ्यो । पछि जनसरोकार मञ्चमा आबद्ध हुँदै उहाँले आन्दोलनको नेतृत्व गर्नुभयो । धरानको पुरानो खानेपानी समस्यालाई लिएर "पानी दे, पानी दे" भन्ने नारासहितको अभियान चलाउँदा उहाँ स्थानीयस्तरमा चर्चामा आउनु भएको थियो । खानेपानी मुहान अनुगमनका क्रममा पाइप तोडफोडको आरोपमा उहाँ एकपटक पक्राउसमेत पर्नुभयो । केही दिन पछि उहाँ रिहा हुनुभएको थियो । हर्क साम्पाङले अवैध ढुङ्गा गिट्टी उत्खनन रोक्न खोलासम्म पुगेर विरोध गर्नुभयो । मदन भण्डारी राजमार्ग विस्तारका क्रममा घर भत्काउने विषयमा सङ्घर्ष समितिमा सह संयोजक भएर आन्दोलन गर्नुभयो । त्यसैगरी सीमा अतिक्रमणदेखि स्वास्थ्य सेवा सुधारसम्मका विषयमा आवाज उठाइरहनुभयो । त्यही गतिविधिले उहाँलाई स्थानीय स्तरमा सक्रिय अभियन्ताका रूपमा स्थापित गरायो । गीत संगीतमा समेत रुचि राख्नुहुने राईले केही बर्ष अगाडि 'मिसिङ हार्ट' नामक एल्बमसमेत सार्वजनिक गर्नु भएको थियो । हिजोआज पनि कहिलेकाहीँ गितार बजाउँदै गीतमार्फत राजनीतिक व्यङ्ग्य गर्ने शैलीले पनि उहाँलाई फरक पहिचान दिलाएको छ । सामाजिक सञ्जालमा उहाँ "हर्क साम्पाङ रिभोलुसन" नामबाट चर्चित हुनुहुन्छ । नगर प्रमुखकै जिम्मेवारीमा रहँदा उहाँले गत माघ ४ गते पदबाट राजीनामा दिएर श्रम संस्कृति पार्टी गठन गर्नुभयो र प्रतिनिधिसभा निर्वाचनमा उम्मेदवार बन्नुभयो । उहाँले अब सांसदका रूपमा आफूले अघि सारेको श्रम र नागरिक सहभागिताको ढाँचालाई राष्ट्रिय स्तरमा विस्तार गर्ने दाबी गर्दै आउनुभएको छ ।

धरानको सडक र खानेपानीको मुहानबाट सुरु भएको राईको यात्रा अब संसद् भवनसम्म पुगेको छ । स्थानीय आन्दोलनबाट उठेको राईको राजनीतिक यात्राले राष्ट्रिय राजनीतिमा कस्तो प्रभाव पार्ला भन्ने जिज्ञासा भने सबैको मनमा देखिन्छ ।

# वायु प्रदूषणबाट बच्न स्वास्थ्य मन्त्रालयको आग्रह

**रासस**
काठमाडौँ, २५ फागुन

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले वायु प्रदूषणबाट बच्न सबैलाई आग्रह गरेको छ । मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले काठमाडौँ उपत्यकामा वायु प्रदूषण बढेकाले त्यसबाट बच्न सबैलाई आग्रह गर्नु भएको हो । उहाँले वायु प्रदूषणबाट मुटु, रक्तनली, फोक्सो, दम, क्यान्सर, आँखा, मिर्गौलालगायतमा समस्या देखिने भएकाले सचेत रहन आग्रह गर्नुभयो ।

मन्त्रालयका प्रवक्ता बुढाथोकीले दीर्घरोगी र गर्भवती महिलालाई समेत वायु प्रदूषणले असर गर्ने भएकाले त्यस्ता समूह सकभर बाहिर ननिस्कनसमेत अनुरोध गर्नुभएको छ । वायु प्रदूषणले बालबालिका, ज्येष्ठ नागरिक एवं दम खोकीजस्ता श्वासप्रश्वाससम्बन्धी दीर्घरोगीलाई बढी असर गर्ने भएकाले विशेष सावधानी अपनाउनसमेत मन्त्रालयले आग्रह गरेको छ ।

मन्त्रालयले सबैलाई बिहान र बेलुका बाहिर ननिस्कन र बाहिर निस्कन परे मास्क लगाउन आग्रह गरेको छ । पुराना गाडीले वायु प्रदूषण बढाउने, वनमा डढेलो, उद्योगधन्दा र विभिन्न निर्माण सामग्रीमा भएका धुलोधुवाँका कारणले प्रदूषण बढेको उहाँको भनाइ छ । अभै एकहप्ता काठमाडौँमा प्रदूषण रहने मन्त्रालयले जनाएको छ । वायु प्रदूषणको कारण काठमाडौँ उपत्यकाको आकाश धुम्म छ र घाम लाग्न सकेको छैन ।

वातावरण विभागका अनुसार केही दिनमा मौसमी प्रतिकूलताका कारण देशका विभिन्न भागमा प्रदूषणको स्तर बढ्दै गइरहेको छ । विशेषगरी काठमाडौँ, पोखरालगायत देशका ठूला सहरमा मसिना कणहरू बढेको जनाइएको छ ।

# लमजुङमा नौ उम्मेदवारको जमानत जफत

**पोखरापत्र संवाददाता**
लमजुङ, २५ फागुन

बिहीबार सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनअन्तर्गत लमजुङमा १२ उम्मेदवारमध्ये नौ जना उम्मेदवारको जमानत जफत भएको छ ।

प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७१ (१) बमोजिम कुल सदर मतको १० प्रतिशत मत प्राप्त गर्न नसकेपछि उनीहरूको धरौटी जफत भएको हो । कुल सदर मत ७३ हजार १० मत रहेको र यसको १० प्रतिशत अर्थात् सात हजार बढी मत ल्याउन नसक्दा उनीहरूको जमानत जफत भएको जिल्ला निर्वाचन कार्यालयको प्रमुख यादवराज आचार्यले बताउनुभयो । उहाँका अनुसार धरौटी जफत हुनेहरूमा नेकपाको हरिजङ्ग तामाङ, राप्रपाका केबिन्द्रजङ्ग गुरुङ, श्रम संस्कृति पार्टीका कोषलाल गुरुङ, नेपाल मजदुर किसान पार्टीका गुजेश्वर प्रजापति मगजु, मङ्गोल नेसनल अर्गनाइजेसनका विकास गुरुङ, जनादेश नेपालका मिलन बास्कोटा, नेकपा (माओवादी)का रवीन्द्र नाखोला, नेसनल रिपब्लिक नेपालका भरत गुरुङ र स्वतन्त्र उम्मेदवार सन्तोष घिमिरेको जमानत जफत भएको छ ।

धरौटी जफत भएकामध्ये सबैभन्दा धेरै नेकपाका तामाङले तीन हजार ३७१ र राप्रपाका गुरुङले एक हजार, श्रम संस्कृति पार्टीका गुरुङले ५६५ मत प्राप्त गर्नुभएको छ । अन्य उमेदवारले ५०० मत पनि कटाउन सकेनन् ।

लमजुङबाट विजयी रास्वपाका धर्मराज केसीले ३३ हजार ८९८ मत, नेकपा एमालेका पृथ्वीसुब्बा गुरुङले १६ हजार ८७६ र नेपाली कांग्रेसका गमप्रसाद गुरुङले १६ हजार ५६९ मत प्राप्त गर्नुभएको छ ।

कुल खसेको सदर मतको १० प्रतिशत प्राप्त नगरेमा जमानत जफत हुने कानुनी व्यवस्था छ । निर्वाचन ऐनको दफा ७० (१) अनुसार प्रत्यक्ष निर्वाचन ऐनको दफा ७० (१) अनुसार प्रत्यक्ष उम्मेदवारले रु १० हजार धरौटी राख्नुपर्छ । उक्त दफाको उपदफा (२) मा महिला र दलित वा अल्पसङ्ख्यक समुदायका उम्मेदवारले उपदफा १ बमोजिमको धरौटीमा ५० प्रतिशत छुट पाउने व्यवस्था छ ।

प्रतिनिधिसभा सदस्य निर्वाचन निर्देशिका–२०८२ को दफा ६४ अनुसार पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिमको निर्वाचनमा खसेको जम्मा सदर मतको १० प्रतिशतभन्दा कम सदर मत पाउने उम्मेदवारको धरौटी जफत हुने प्रावधान छ । एक मात्रै सङ्घीय निर्वाचन क्षेत्र रहेको लमजुङमा एक लाख ३७ हजार १२४ मतदातामध्ये ७५ हजार ४६० मत खसेको थियो । जसमा ७३ हजार १० मत सदर भएको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ ।

यस कार्यालयका अनुसार प्रत्यक्षतर्फ दुई हजार ४५० मत बदर भएको छ । एकभन्दा बढी चिन्नम छाप लगाउने, मतदाता भुक्किनुलगायत कारणले यतिका मत बदर भएको जिल्ला निर्वाचन कार्यालय प्रमुख आचार्यले बताउनुभयो । जिल्लामा १३० मतदान स्थल तथा एक अस्थायीसहित १९३ मतदान केन्द्र रहेको थियो ।


**"कास्की जिल्लाको माछापुच्छ्रे गाउँपालिका वडा नं. ४ स्थित तिन रोपनी छ आना तिन दाम चार पैसा निजि जमिनबाट निर्माणजन्य पदार्थको उत्खनन् आयोजना" को प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी कार्यक्रम सम्बन्धी सार्वजनिक सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८२/११/२६**

गण्डकी प्रदेश, कास्की जिल्ला, माछापुच्छ्रे गाउँपालिका वडा नं. ४, लाहाचोक गाउँमा रुद्रलाल बास्तोलाको नाममा रहेको कित्ता नं. ४७५ (१-०-०-१), तथा गौरी ढकालको नाममा रहेको कित्ता नं. ४६७ (२-६-३-३) "निजि जमिनबाट निर्माणजन्य पदार्थको उत्खनन आयोजना" को माछापुच्छ्रे गाउँपालिका संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय अध्ययन कार्यविधि, २०७७ अनुसार प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन स्वीकृतिको क्रममा सार्वजनिक सुनुवाई कार्यक्रम मार्फत सरोकारवालाहरुको राय/सुझाव संकलन गर्नुपर्ने भएकोले त्यस क्षेत्रका स्थानीय व्यक्ति, स्थानीय जनप्रतिनिधि, संघ/संस्थाका प्रतिनिधिहरू तथा अन्य सरोकारवालाहरू तथा प्रस्तावक संस्थाको प्रतिनिधिबीच प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन सम्बन्धी सार्वजनिक सुनुवाई निम्न मिति, समय र स्थानमा हुने भएकाले सम्बन्धित सबै महानुभावहरूको सहभागिताको लागि अनुरोध गरिन्छ ।

| मिति | समय | स्थान |
|---|---|---|
| २०८२ चैत्र ०५ गते बिहीबार | बिहानको ११:०० बजे | माछापुच्छ्रे गाउँपालिका वडा नं. ४, मार्दी खोला पुल |

**सम्पर्क व्यक्ति**
**रुद्रलाल बास्तोला तथा गौरी ढकाल**
**मिलन चोक-२५, पोखरा, गण्डकी प्रदेश, नेपाल**
**टेलिफोनः +९७७-९८५६०२९७१२**

**कास्की जिल्लाको माछापुच्छ्रे गाउँपालिका वडा नं. ४ स्थित सात रोपनी नौ आना दुई दाम एक पैसा निजि जमिनबाट निर्माणजन्य पदार्थको उत्खनन् आयोजना" को प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी कार्यक्रम सम्बन्धी सार्वजनिक सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८२/११/२६**

गण्डकी प्रदेश, कास्की जिल्ला, माछापुच्छ्रे गाउँपालिका वडा नं. ४, लाहाचोक गाउँमा कृष्ण प्रसाद सुबेदीको नाममा रहेको ९६५ (४-६-१-१), ९६६ (१-८-२-३) तथा पार्वती बास्तोलाको नाममा रहेको कित्ता नं. १५७८ (१-१०-२-१) "निजि जमिनबाट निर्माणजन्य पदार्थको उत्खनन् आयोजना" को माछापुच्छ्रे गाउँपालिका संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय अध्ययन कार्यविधि, २०७७ अनुसार प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन स्वीकृतिको क्रममा सार्वजनिक सुनुवाई कार्यक्रम मार्फत सरोकारवालाहरुको राय/सुझाव संकलन गर्नुपर्ने भएकोले त्यस क्षेत्रका स्थानीय व्यक्ति, स्थानीय जनप्रतिनिधि, संघ/संस्थाका प्रतिनिधिहरू तथा अन्य सरोकारवालाहरू तथा प्रस्तावक संस्थाको प्रतिनिधिबीच प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन सम्बन्धी सार्वजनिक सुनुवाई निम्न मिति, समय र स्थानमा हुने भएकाले सम्बन्धित सबै महानुभावहरूको सहभागिताको लागि अनुरोध गरिन्छ ।

| मिति | समय | स्थान |
|---|---|---|
| २०८२ चैत्र ०५ गते बिहीबार | बिहानको १२:०० बजे | माछापुच्छ्रे गाउँपालिका वडा नं. ४, मार्दी खोला पुल |

**सम्पर्क व्यक्ति**
**कृष्ण प्रसाद सुबेदी तथा श्रीमती गौरी ढकाल**
**मिलन चोक-२५, पोखरा, गण्डकी प्रदेश, नेपाल**
**टेलिफोनः +९७७-९८५६०२९७१२**